# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २०, अङ्क : ४८, २०७९ भदौ १२ गते आइतवार ( 28 Aug. 2022 ), मूल्य रु. २०।-





आज आइतवारदेखि एक हप्ता मतदाता नामावली अध्यावधिक गर्ने कार्यतालिका निर्वाचन आयोग नेपालले सार्वजनिक गरेको छ । यसमा सबैको सहयोगको अपेक्षा गरिएको छ ।

## गठबन्धन भित्र सिट बाँडफाँडमा उल्झन

सुस्केरा समाचारदाता

डोल्पा, भदौ - आगामी मंसिर ४ गते एकै चरणमा सम्पन्न हुने गरी घोषणा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कति कति सिटमा उमेद्वारी दिने भन्ने विषयमा सत्ता गठबन्धनका प्रमुख नेताहरु र कार्यदलको बैठक बारम्बार बसिरहेको छ तर सिट बाँडफाँडका लागि कुरा मिलेको छैन । निर्वाचनमा सत्ता गठबन्धनका दलहरुले आफू आफू धेरै सिटमा उमेद्वारी दिने गरी आफूले धेरै सिट पाउनु पर्ने दावी दलहरुको छ ।

यसले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा विभिन्न मापदण्ड तय गने भनिए पनि नेपाली काँग्रेसले गएको स्थानीय तह निर्वाचन र २०७४ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा समानुपातिक तर्फको मतका आधारमा सिट बाँडफाँड गर्नु पर्ने अडान राखेको छ भने अन्य दलहरुले २०७४ मा भएको प्रतिनिधिसभा र प्रदेशसभामा प्रत्यक्ष तर्फको जितेको सिटको आधारमा सिट बाँडफाँड गर्नु पर्ने अडान राखेको कुरा बाहिर आइरहेको छ । सत्ता गठबन्धनले यही महिनाको ९ गते सिट बाँडफाँड टुङ्ग्याउने भने पनि आजसम्म को दलले कति कहाँ कहाँ सिटमा उमेद्वारी दिने भन्ने टुङ्ग्याउन सकेका छैनन् ।

गठबन्धन भित्र सिट दावीका हिसाबले

....... .. .पेज नं. ८ मा

## बजारमा तीजका सामान किनमेल बढ्यो

गायत्री शाही

डोलपा भदौ - महिलाहरुको महान चाड हरि तालिका तिज नजिदै आइरहेको छ । तीजको किनमेलले दुनै लगायत डोल्पाका बजारहरुमा चहलपहल बढेको छ ।

यसै गरेर हरेक साल जस्तो यो बर्षको तिजको लागि पनि डोल्पा जिल्लाको बजारहरुमा तिजको लागि चाहिने राता साडिहरु लगायत अन्य लत्ता कपडाहरु र अरु सामानहरु प्रसस्त देखिन थालेका छन् । बजारका फेन्सि पसलहरुमा तिजका सामानहरु बिक्रिको लागि राखिएको छ । र मानिसहरुले पनि तिजको लागि भनेर साडि र लत्ता कपडाहरु किन्न आउने आशामा पसलेहरु बसिरहेको व्यापारिहरु बताउनु हुन्छ ।

बजारमा मानिसको चहल पहल तेति नहुदा गतसाल भन्दा तिजको सामानको किनबेच नभएको डोल्पा जिल्लाको त्रिपुरासुन्दरि नगरपालिका

....... .. .पेज नं. ८ मा

## स्थानीयहरु किट्टी काम्ला बुन्दै व्यस्त

मेनुका बुढा

डोल्पा, भदौ - डोल्पा जिल्लाको डोल्पो बुद्ध गाँउपालिका वडा ३ का कृर्षकहरु खालि समयको सदुपयोग गर्दै किट्टी, पटुका बुन्नमा व्यस्था हुने गरेको वडा नं ३ धो गाउँका एक स्थानीयबासिले बताउनु भयो । यति खेर धो ताक्सिका स्थानीय बासिहरु भेडा बाखाको उनबाट राडि पाखि, लगायत किट्टी पटुका बुन्नमा व्यवस्थ हुने गरेको वडा नं ३ का स्थानीय पाल्जङ्ग लामाले जानकारी दिनु भयो । उहाँले भन्नु भयो आफ्नो हातमा सिप र केहि गर्छु भन्ने आत्म विश्वस भएपछि पैसा कमाउनको लागि कतै पनि जान नपर्ने आफ्नै गाँउघरमा बसेर लाखौ पैसा कमाउन सकिने बताउनु भयो । खालि समयको सदुपयोग गरेर कमायको पैसालेनै आफ्नो दैनिकि टार्न

....... .. .पेज नं. ८ मा

## एमाले डोल्पाको बैठक सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, भदौ - नेकपा एमाले जिल्ला कमिटी डोल्पाको बैठक विभिन्न निर्णय गर्दै सम्पन्न भएको जनाइएको छ।

जिल्ला कमिटी बैठकले निर्वाचन समन्वय कमिटी गठन गरेको जनाइएको छ। निर्वाचन समन्वय कमिटीमा प्रदेश सभा निर्वाचन क्षेत्र क मा विष्णु रोकाया संयोजक, लोकेन्द्र राना सहसंयोजक, प्रेमा शाही सचिव सहित ३५ सदस्यीय, प्रदेश सभा निर्वाचन क्षेत्र ख मा आङबहादुर लामा संयोजक, चन्द्राकुमारी बुढा सहसंयोजक, जगबहादुर बुढा सचिव सहित ३५ सदस्यी कमिटी गठन भएको एमाले डोल्पाका सचिव लंकबहादुर रोकायाले जानकारी दिनु भयो। बैठकले स्थानीय तहमा अन्तरघात गर्नेहरुलाई सोधिएका स्पष्टिकरणका विषयमा छलफल भएको ३ जना जिल्ला कमिटी उपाध्यक्ष विश्वचन्द डसाल, जिल्ला

## बालबालिकाहरुलाई खोप लगाइयो

सुस्केरा समाचारदाता

डोल्पा, भदौ - तत्कालिन सरकारसँग असहमति राख्दै नेकपा माओवादीले थालेको माओवादी जनयुद्धमा लागेर जागिर छोडेका स्थायी शिक्षकहरुको पुनरवहाली भएको छ । नेकपा माओवादीले घोषणा गरेको जनयुद्धमा लागेर स्थायी शिक्षक छोडेका शिक्षक नैनप्रसाद पाहाडी, रामलाल वि.क., मनराज रोकया, कर्णबहादुर शाही र नवराज बुढाथोकीको पुनरवहाली भएको हो । उहाँहरुले पुनरबहादली भै विद्यालयमा गएर हाजिर भएको दिन देखि तलव भत्ता पाउने गरी पुनरवहाली गरिएको शिक्षा विकास तथा समन्वय इकाई डोल्पाका प्राविधिक सहायक दलबहादुर बस्नेतले फोनमा जानकारी दिनु भयो । उहाँका अनुसार नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रानुसार पुनरवहालीको पत्र दिइएको र जागिर छाडेको भन्दा पहिले र पुनरबहाली पछि ६० वर्ष पुग्न्जेलसम्म २० वर्ष पुगेमा तथा १३ वर्ष नाघेमा विशेष कारण देखाई निवृतिभरण हुने गरी परिपत्र

....... .. .पेज नं. ८ मा

## एमालेको चौथो केन्द्रिय कमिटी बैठक शनिवार सम्पन्न

सन्देश बुढा

काठमाडौं, भदौ - नेकपा(एमाले)को शनिवार सम्पन्न चौथो केन्द्रिय कमिटी बैठकले आगामी मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारको नाम भदौ २२ गतेभित्र सिफारिस गर्न पार्टीको सम्बन्धित निर्वाचन क्षेत्र समन्वय कमिटीलाई निर्देशन दिएको छ । हिजो शनिबार सम्पन्न पार्टी केन्द्रीय कमिटी बैठकले उक्त निर्देशन दिएको हो । बैठकले उम्मेदवारको अन्तिम टुङ्गो लगाउने जिम्मेवारी केन्द्रीय कमिटीमा रहने गरी उमेद्वार सिफारिस गर्न निर्देशन दिएको हो ।

सम्बन्धित प्रतिनिधिसभा क्षेत्रीय समन्वय कमिटीले प्रतिनिधिसभा र सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले सोही क्षेत्रको उम्मेद्वार सिफारिस गर्न बैठकले निर्देशन दिएको पार्टीका प्रचार तथा प्रकाशन विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार सिफारिस हुने तीन जना मध्ये एक जना महिला अनिवार्य रहनेगरी दुवै निर्वाचनका लागि प्रत्येक निर्वाचन क्षेत्र का लागि ३ जना उम्मेदवार सिफारिस गर्नुपर्नेछ । एमालेले उम्मेदवार छनोटको मापदण्ड पनि तय गरेको छ । पार्टी नीति र कार्यक्रम प्रति प्रतिबद्ध, लोकप्रियता र विजयको सुनिश्चितता, पार्टीप्रतिको निष्ठा र आन्दोलनको योगदान, सन्तुलन र समावेशिता, निर्वाचन कानुन बमोजिमको योग्यता पुगेको व्यक्तिलाई प्रदेशसभा र

....... .. .पेज नं. ८ मा

गठबन्धन भित्र सिट ........

नेपाली काँग्रेसले १ सय, नेकपा(माओवादी केन्द्रले ६०, नेकपा(एकिकृत समाजवादीले ४० जसपाले ३२, राष्ट्रिय जनमोर्चाले २ सिटमा दावी गरेको कुरा सार्वजनिक भैरहेको छ । तर यथार्थ भने के हो बाहिर आउन सकेको छैन ।

पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले आगामी निर्वाचनमा गठबन्धन बलियो हुने बताउनुभएको छ। स्थानीय तहको निर्वाचनबाट पाठ सिक्दै गठबन्धन बलियो बनाइने उहाँको भनाइ छ। पार्टी प्रशिक्षणपछि बुटवलमा पत्रकारसँग कुराकानी गर्दै उहाँले पाँच दलीय गठबन्धनले मुलुकलाई ठूलो दुर्घटना हुनबाट बचाएको बताउनुभयो ।

“गठबन्धन र तालमेल भनेजस्तो नभए पनि गठबन्धन सरकारले नै निर्वाचन सफलतापूर्वक सम्पन्न गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न दोस्रो निर्वाचन प्रक्रिया (संविधानसभापछि) को सुरु गर्यो। यसलाई ठूलो सफलता मान्नुहोला, गठबन्धनले मुलुकलाई ठूलो दुर्घटना हुनबाट बचाएको हो ”, दाहालले भन्नुभयो । स्थानीय चुनावमा गठबन्धन र तालमेल भने जस्तो नभएपछि त्यसबाट शिक्षा लिएर प्रदेश र संघमा राम्रो गर्नेसमेत उहाँको भनाइ छ । उहाँले सरकारले सफलतापूर्वक निर्वाचन सम्पन्न गर्न गइरहेको भन्दै त्यसमा सबैले साथ दिन आग्रह गर्नुभयो । नेकपा एमालेले हाल समानुपातिबाट सांसद बनेकाहरूलाई आगामी निर्वाचनमा उम्मेदवार नबनाउने भएको छ । पार्टी केन्द्रीय कमिटीको आज सम्पन्न बैठकले उक्त निर्णय गरेको हो । यस्ता क्षेत्रमा वितरण प्रणाली लागू गने निर्णय भएको एमालेले जनाएको छ । यस्तै, स्थानीय तह वा कुनै पनि तहका वहालवाला जनप्रतिनिधिलाई राजिनामा गराएर प्रतिनिधिसभा वा प्रदेशसभा निर्वाचनमा सहभागी गर्नु नहुने र यहाँ पनि अवसरको न्यायोचित वितरण आर्कषित हुने बैठकले निर्णय गरेको छ । नेपाली कांग्रेसका सहमहामन्त्री भिष्मराज आङदेम्बेले २०७४ को प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक तर्फबाट प्राप्त मतलाई आधार मानेर गठबन्धन दलले आसन्न निर्वाचनका लागि सिट बाँडफाँटको गृहकार्य गरिरहेको बताउनुभएको छ ।

बालबालिकाहरुलाई ..........

भएकाले सोही अनुसार हुने शिक्षा, विकास तथा समन्वय इकाई डोल्पाले जनाएको छ । डोल्पामा विभिन्न सामाजिक सुधारका लागि संचालन हुने सामाजिक अभियान सुस्त बनेको छ । मानौ एक प्रकारले सामाजिक अभियन्ताहरु कुनै एक पार्टीको मात्र होइन एक गुटका हुनकी भन्ने भान हुने गरी डोल्पाका सामाजिक अभियन्ताहरु चुपचाप देखिन्छन् । मानौ एक प्रकारले सामाजिक अभियन्ता नै छैनन् डोल्पामा । समाजमा हुने गरेका विभिन्न विकृतिहरु र सत्ताधारीहरुले गर्ने विभिन्न प्रकारका अन्याय, अत्याचार, नियम कानुन विपरितका कुराहरुको विरोध गर्नेहरु नै चुप रहेको देखिन्छ । सामाजिक अभियन्ताहरु यसरी चुप रहनुमा मानौं उनीहरु नै सत्ताधारी हुन् की भन्ने भान हुन थालेको छ । तत्कालिन अवस्थामा डा.गोविन्द केसीका मागहरुको पक्ष लिएर बाह्र हात उफ्रनेहरुले उनका माग पुरा नगरेकोमा वर्तमान सरकारको आलोचना समेत गरेको देखिदैन । हुन त गोविन्द के सी समेत विदेशी दलाल हुन की जस्तो गरेर अहिले चुप छन् । भने जिल्लाका उनका चेलाहरु पनि उनकै इसरामा रहेको जस्तो गरेर चुप बसेको देखिन्छ । वर्तमान सरकार निकै अधिनायकवादी, अकर्मण्य, अहंकारी, व्यभिचारी बन्दै गएको नागरिकता विधेयकले प्रमाणित गरेको छ । किन भने सत्ता गठबन्धनका नेताहरुले संसद वाहिरै निर्णय गरेर सरकार र संसदलाई चलाई रहेका छन् ।

बजारमा तीजका ..........

त्रिपुराकोट बगर बजारका एकजना व्यापारिले बताउँनु भएको हो । तिजमा लगाउँने विभिन्न किसिमका लत्ता कपडाहरु र थरिथरिका सिरिङ्गारका सरसामानहरुले दुनै बजारका फेन्सि पसल तथा ब्युटिपारर्लरहरु भिलिमिलि देखिने दुनै बजारका स्थानियहरुले बताउँनु भएको हो ।

स्थानीयहरु किट्टी ......

निकै सहज हुने गरेको जनाएको छ । यसरिनै खालि भएको समयमा धो,टाक्सिका स्थानिय बासिहरु यति खेर, राडिपाखि, किट्टीहरु, काम्ला बुन्नमा व्यस्थ हुने गरेको जनाएको छ । राडि पाखि घरमा पाउना आयको वेला विक्षाउनको लागि प्रयोग गरिन्छ भने किट्टि चिसो सिजनमा ओड्ने गर्ने गरेको एक स्थानिय बासिले बताउनु भयो ।धो टाक्सि वडा नं ३ का स्थानिय नागरिकहरुले किट्टि,,राडि पाखि बनेर पनि धेरै आम्दानि गर्न सक्ने बताउनु भयो ।

यो समय कृषकहरुले लगाएका दाँते ओखर पाकेर बेच्ने समय हो यो । यति बेला कृषकहरु आफ्ना बगैचामा पाकेका दाँते ओखर, स्याउ लगायतका फलफूल बेचेर आम्दानी बढाई रहेका छन् । कृषकहरु दाँते ओखर फलेर पाकिसकेको हुनाँले आफुहरु ओखर टिप्नमा व्यस्त रहेको ठुलिभेरि नगर पालिका ओडा नं ३ का स्थानिय नागरिक हरुले बताउँनु भएको हो

एमालेको चौथो .... . . ....

प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार तय गर्न सक्ने मापदण्ड तय गरिएको पनि प्रचार तथा प्रकाशन विभाग प्रमुख गुरुङले बताउनुभयो । एमालेले सिफारिस गरेका कुनै पनि उम्मेदवारले पार्टीले अन्तिम निर्णय नगरेसम्म आफू उम्मेदवार भए भनेर गतिविधि नगर्न पनि सचेत गराएको छ। प्रचार तथा प्रकाशन विभाग प्रमुख गुरुङले भन्नुभयो, ‘आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारहरुको सिफारिस प्रक्रिया र उम्मेदवारहरुको छनौटको मापदण्ड पनि सो दलले बताएको छ । मापदण्डअनुसार जिल्लाका सम्बन्धित क्षेत्रको क्षेत्रीय कमिटीले सम्बन्धित क्षेत्रको उम्मेदवार सिफारिस गर्ने, एउटा मात्रै निर्वाचन क्षेत्र रहेका जिल्लाहरुले जिल्ला कमिटीको बैठकबाट उम्मेदवार सिफारिस गर्ने, प्रदेशसभा निर्वाचनको उम्मेदवार पनि सोहीअनुसार सम्बन्धित निर्वाचन क्षेत्रीय समन्वय कमिटीको बैठकले गने, गरिएको सिफारिसमा सम्बन्धित कमिटीको अन्य राय भएमा सो समेत उल्लेख गरेर सिफारिस गर्ने भनेको छ । त्यस्तै, सिफारिसमाथिको अन्तिम निर्णय केन्द्रले गर्ने, प्रत्येक निर्वाचन क्षेत्रबाट तोकिएको मापदण्ड पूरा गरेका, कम्तिमा एक जना महिलासहित ३ जना उम्मेदवारको नाम सिफारिस गर्ने, निर्णय नभएसम्म सिफारिसमा परेका कुनै पनि व्यक्तिले आफ्नो उम्मेदवारी पक्का भएजस्तो व्यवहार गर्न नमिल्ने एमालेले निर्णय गरेको छ ।

एमाले डोल्पाको .... .........

कमिटी सदस्य नरबहादुर बुढा र त्रिपुरासुन्दरी नगरकमिटीका सचिव चन्द्र बुढालाई काममा फर्काउने निर्णय गरिएको एमाले जिल्ला कमिटी सचिव रोकायाले बताउनु भयो। आजवो बैठक सकिएको अबको बैंक २१ गते बस्ने पनि एमाले डोल्पाले जनाएको छ। डोल्पा जिल्लाका बिभिन्न गाउँमा कृर्षकहरु आफनो खेतबारिका लगाएको भदौरे सिमी टिप्नमा व्यवस्त देखिन्छन्।कृषकहरुले आफ्नो बारीमा लगाएको भदौरे सिमी पाकेकाले आफुहरु हिजोआज सिमि टिपेर घरमा भित्राउँने काममा व्यस्त भइरहेको ठुलिभेरि नगरपालिका वडा नं १ का स्थानिय कृर्षक हरुले बताउँनु

कोभिड-१९ को जोखिम कम गर्ने उपायहरु

- सही तरिकाले मास्क लगाऔं।
- कम्तिमा २ मिटरको दुरी कायम गरौं।
- साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- हावा ओहोरदोहोर हुने स्थानमा बसौं।
- अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं।
- कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं।

संक्रमण हुनबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# निर्वाचनको रन्को बढ्दै

नेपालको संविधानले तोके बमोजिम आउने मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुने मिति तय भएको छ । उक्त मितिमा हुने निर्वाचनको गतिविधि तिब्र भएको छ । यो तिब्रता राजनीतिक दलहरुमा अलि बढि देखिएको छ । किनकी निर्वाचनमा रा जनीतिक दलहरुको सहभागिता अपरिहार्य हुन्छ । राजनीति गर्नेहरुले निर्वाचनमा भाग लिएर जनताको मत प्राप्त गरी जनताको मतका आधारमा शासन संचालन गर्ने हो । यो पनि निश्चित अवधिका लागि जनताको मतबाट निर्देशन भए अनुसार काम गर्नु पर्दछ । जनताको मतले जितेर आफ्नो शासन कालमा कति काम गर्‍यो त्यसको ले खाजोखा प्रत्येक आउने आवधिक निर्वाचनमा जनताहरुले अनुमोदन गर्ने तथा अर्को व्यक्ति जिताउने जनताको गोप्य मतदानबाट हुने गर्दछ । यही नै प्रजातान्त्रिक शासन व्यवस्थाको सुन्दर पक्ष हो ।

उता निर्वाचन आयोग पनि निर्वाचनको मिति नजिकिदै गर्दा आफ्ना गतिविधिमा तिब्रता ल्याउदै गरेको देखिन्छ । आयोगले निर्वाचनका लागि अवश्यक पर्ने सबै सरसामानको तर्जुमा र निर्वाचनको सबै तयारी तर्फ जुटेको छ । निर्वाचनका लागि आवश्यक पहिलो कुरा मतदाता नामावलीलाई आजैबाट एक हप्ताका लागि देशैभर मतदाता अध्यावधिक गर्ने घोषणा गरेको छ । त्यस बमोजिम कार्यतालिका बनाएर निर्वाचन आयोगले आफ्ना कामहरु गरिरहेको छ ।

निर्वाचनका लागि देशका सबै दलहरुमा तयारी बढ्दै गएको छ । राजनीतिक दलहरुमा पहिलो कुरा उमेद्वार तय गर्नु हो । प्रत्यक्ष र समानुपातिक गरेर देशका सबै प्रतिनिधिसभाका २ सय ७५ निर्वाचन क्षेत्र, प्रदेशसभा तर्फ ५ सय ५० निर्वाचन क्षेत्रका लागि उमेद्वार तय गर्ने, निर्वाचनका लागि आफ्ना मुद्दाहरु तय गर्न निर्वाचन घो षणा-पत्र तय गर्ने, जति सक्दो बढि सिट जित्ने गरी आफ्ना गतिविधि बढाउने कार्य जस्ता गतिविधिहरुमा राजनीतिक दलको तिब्रता बढेको छ । यतिबेला राजनीतिक दलहरु उमेद्वार तय गर्न मै व्यस्त रहेको देखिन्छ । पहिलो कुरा उमेद्वारको मापदण्ड तय गर्नु पर्ने देखिन्छ । किनकी सबै दलहरुमा आकांक्षीहरु बढि देखिन्छन् ।

देशका सबै सिटका लागि उमेद्वारी दिने राजनीतिक दलमा निर्वाचनको धड्कन अलि बढि नै बढेको छ । राजनीतिक दलहरुले उमेद्वारको मापदण्ड बनाउदै गर्दा मापदण्ड भित्र नपरी उमेद्वार बन्न नसकेमा अर्को दलमा जाने, बागी उमेद्वार उठ्न सक्ने भएकाले पनि यस तर्फ राजनीतिक दलहरु निकै सचेत देखिन्छन् । यो समस्या गठबन्धन दलहरु भित्र अलि बढ्ने संभावना बढि रहेको छ । किनकी सिट बाँडफाँड गर्दा ठ्याक्कै काटेछाँटे जस्तो नमिल्न सक्ने र बिद्रो ह हुन सक्ने अवस्थालाई सचेतताका साथ व्यवस्थापन गर्न व्यापक छलफल भैरहेको देखिन्छ । उता देशका सबै निर्वाचन क्षेत्रमा उमेद्वारी दिने रा जनीतिक दलको रुपमा परिचित एमाले आउने निर्वाचनबाट आफ्नो बहुमत कसरी ल्याउन सकिन्छ भन्ने कसरतमा लागेको छ । यसरी राजनीतिक दलहरुले आफ्ना सबै गतिविधि निर्वाचन केन्द्रित बनाएका छन् । निर्वाचन आयोग पनि तयारीमा तात्तिएको छ ।

# मौनता

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

........
कुनै किसानले जोत्दा जोत्दै छाडेको
खेत हो कि मौनता
उडानमा रहेको रेडियो सङ्केत बिहीन
आकाशको जेट हो कि मौनता ।

मौनताका मौन जवाफ मौन प्रश्न
तिम्रा साधन स्रोत र प्रविधि नाकाम हुन्छन् ।

मौनताको गहिराइमा नजाँनिदो चलायमान
ओठमा देखिने मौनताको धारले

नछिमलिने कुन पहरो होला र ?
मुख मस्तिष्कले पढियोस् त मुर्खता हुनसक्छ
विश्वभाषाको ल्याकत राख्ने मौनता साँधेर त हेर,

त्यहाँ के भेटिदैन ?
सारा संसार भेटिन्छ,
सारा संसार भेटिन्छ ।

# यार्चा

म माथि यतिविधि
टेकिएका पाइला गन्न सक्दिन
जति पटक तिमी मलाई गन्छौ
निकालेर माटो बाहिर

म जीव हुनुको कथा
म बनस्पति हुनुको ब्यथा
यार्चा पुराण बनाएर
बनिगए कोहि पर्यावरण पण्डित
रुपान्तरणको रुफान कति देखियो
कति देखिएन ?
खोइ कस्ले पो साध्यो र ।

# शक्तिहीन कविता

संवेदनशीलता धरोटीमा
राखेर स्तुति, भजन र प्रार्थना
लेख्न सके पो कविता

विचारको विचरणमा
सिनोमा हुँडार स्याल र गिद्दको
भोज देखेर
अभावमा लेखिने पीडाका शब्दमा
फुस्रो सहानुभूति बाहेक
के देखिन्छ र कविता हुनु ?

बाँफो खेत भत्केको घर
पहिरोले बगाएको पुल
बन्द भएका स्कुल, अस्पताल
अनि कुबेलामै बन्द भएका आँखा र
आशाका मूलद्धारको
मुक दर्शकको नजरमा ठोक्किने
कुण्ठा बिरोध र तिक्तता बाहेक
के देखिन्छ र कविता हुनु ?
चलिएको आम्दानी माथि

अलिकति नामको लेपन लाउने रहर
अलिकति दुःख अलिकति पिर र वेदना
सापटी लिएर बुनिएका
आकर्षक र वरिष्ठ प्रकाशन गृहको कलेवर
भव्यता प्रदर्शन हुने भद्रहरुको आसन ...............

खेलकुद

संस्कृति, कला, बाल संशार

# नवौं राष्ट्रिय खेलकुदको तयारी तिब्र

रासस

दोधारा चाँदनी, भदौ - आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि आजदेखि कञ्चनपुरमा छनोटका खेल हुँदैछन् । जिल्ला खेलकुद विकास समितिले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि विभिन्न विधामा फाराम भरेका खेलाडीलाई क्षेत्रीय प्रतियोगितामा सहभागी गराउन आजदेखि छनोट गर्न लागेको हो । छनोटका लागि जिल्लामा एक हजार ६७ खेलाडीले फाराम भरेका थिए । तीमध्ये विभिन्न विधाका पाँच सय २१ छनोट हुनेसमितिले जनाएको छ । समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टले भदौ १५ गतेसम्म छनोटका कार्यक्रम हुने बताउनुभयो । यसअघि प्रतियोगितामा भाग लिने खेलाडीलाई फाराम भर्न आह्वान गरेका थियौं, उहाँले भन्नुभयो, जिल्लामा छनोट भएका खेलाडी प्रदेशमा जान्छन्, त्यहाँ छनोट हुने खेलाडीले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिनेछन् । उहाँले भदौ १८ गतेदेखि प्रदेशस्तरीय छनोट प्रतियोगिता हुने बताउनुभयो ।यसअघिका विभिन्न प्रतियोगितामा कञ्चनपुका खेलाडीले बढी पदक ल्याएको बताउँदै उहाँले यसपटक पनि कञ्चनपुरका खेलाडीले बढी पदक ल्याउने जिकिर गर्नुभयो । प्रतियोगितामा हुने ३६ मध्ये कञ्चनपुरले ३१ खेलमा खेलाडी प्रतिस्पर्धामा सहभागी गराउन लागेको छ । कुस्ती, भारोत्तलन, कबड्डी, भलिबल, हक्की, आर्चरी र बक्सिङलगायतका खेलमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पदकको

# गठबन्धन अझ बलियो हुन्छ

सुस्केरा समाचारदाता

बुटवल, भदौ - पूर्व प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालले आगामी निर्वाचनमा गठबन्धन अझ बलियो हुने बताउनुभएको छ ।

स्थानीय तहको निर्वाचनबाट पाठ सिक्दै गठबन्धन बलियो बनाइने उहाँको भनाइ छ । पार्टी प्रशिक्षण पछि बुटवलमा पत्रकारसँग कुराकानी गर्दै उहाँले पाँच दलीय गठबन्धनले मुलुकलाई ठूलो दुर्घटना हुनबाट बचाएको बताउनुभयो ।

“गठबन्धन र तालमेल भनेजस्तो नभए पनि गठबन्धन सरकारले नै निर्वाचन सफलतापूर्वक सम्पन्न गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न दोस्रो निर्वाचन प्रक्रिया (संविधानसभापछि) को सुरु गर्यो। यसलाई ठूलो सफलता मान्नुहोला, गठबन्धनले मुलुकलाई ठूलो दुर्घटना हुनबाट बचाएको हो ”, दाहालले भन्नुभयो । स्थानीय चुनावमा गठबन्धन र तालमेल भने जस्तो नभएपछि त्यसबाट शिक्षा लिएर प्रदेश र संघमा राम्रो गर्नेसमेत उहाँको भनाइ छ । उहाँले सरकारले सफलतापूर्वक निर्वाचन सम्पन्न गर्न गइरहेको भन्दै त्यसमा सबैले साथ दिन आग्रह गर्नुभयो । नेकपा एमालेले हाल समानुपातिबाट सांसद बनेकाहरूलाई आगामी निर्वाचनमा उम्मेदवार नबनाउने भएको छ ।

पार्टी केन्द्रीय कमिटीको आज सम्पन्न बैठकले उक्त निर्णय गरेको हो । यस्ता क्षेत्रमा वितरण प्रणाली लागू गने निर्णय भएको एमालेले जनाएको छ । यस्तै, स्थानीय तह वा कुनै पनि तहका वहालवाला जनप्रतिनिधिलाई राजिनामा गराएर प्रतिनिधिसभा वा प्रदेशसभा निर्वाचनमा सहभागी गर्नु नहुने र यहाँ पनि अवसरको न्यायोचित वितरण आर्कषित हुने बैठकले निर्णय गरेको छ ।

त्यसै गरी नेपाली कांग्रेसका सहमहामन्त्री भिष्मराज आङदेम्बेले २०७४ को प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक तर्फबाट प्राप्त मतलाई आधार मानेर गठबन्धन दलले आसन्न निर्वाचनका लागि सिट बाँडफाँटको गृहकार्य गरिरहेको बताउनुभएको छ । सबैको जित हुनेगरी गठबन्धन दलबीच सहमति हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । आङदेम्वेले गृह जिल्ला पाँचथरमा नेपाल प्रेस युनियन पाँचथर शाखाले आयोजना गरेको पत्रकार सम्मेलनमा सो कुरा बताउनुभएको हो ।

‘सयमा सय नै हुनुपर्छ भन्ने होइन, तर २०७४ सालको प्रदेश र प्रतिनिधि सभामा कांग्रेसलाई समानुपातिकतर्फ ३३ प्रतिसत मतसँगै गत बैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा बढेको थप एक प्रतिसत मतलाई पनि आधार मानेर सय सिट हाराहारीमा कांग्रेसको पक्षमा सिट आउने उहाँले बताउनुभयो ।

एक्लाएक्लै लड्दा कुनै पनि दलले बहुमत प्राप्त नगर्ने र त्यसपछि स्थिर सरकार पनि नबन्ने देखिएकाले देशकै हितकालागि गठबन्धन गर्नुपर्ने को उहाँले बताउनुभयो । कांग्रेसले देशव्यापी रुपमा शुरु गरेको जनतासँग कांग्रेस अभियान जिल्लामा शुरुवात भएको घोषणा गर्न उहाँ गृहजिल्ला आउनुभएको हो । उहाँसँगै केन्द्रीय सदस्य प्रदीपकुमार सुनुवार र प्रदेश सदस्य उत्तम चौंलागाईंको पनि सहभागिता थियो ।



महिलाहरुको महान चाडमा नाच्दै रमाउँदै वर्षदिनको तीजमा ।

# रोबोट प्रतियोगितामा नेपाल तेस्रो

सुस्केरा समाचारदाता

काठमाडौँ – अन्तर्राष्ट्रिय रोबोट प्रतियोगितामा तेस्रो स्थान प्राप्त गरेको खुशियालीमा इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पससस्थित रोबोटिक क्लबले बिहीबार विशेष समारोहमा आफ्नो दुई दशकको यात्राबारे जानकारी दिएको छ ।रोबोटिक क्लबले भारतको ‘ए’ टिम, भारतको ‘बी’ टिम, जापान, थाइल्यान्ड, चीनलगायत देशलाई पछाडि पार्दै रोबोकोन २०२२ मा तेस्रो स्थान हासिल गरेको हो । यो सँगै ‘नागासे अवार्ड’समेत नेपालले प्राप्त गरेको छ । क्लबका प्रशिक्षक रमेश चौधरीको अनुसार गत आइतबार भएको १२ राष्ट्रका १३ टोलीले भाग लिएको रोबोट प्रतियोगितामा नेपाल हङकङसँग मात्र पराजित भएको थियो । नम्बरको आधारमा यो प्रतियोगितामा हङकङ पहिलो स्थान प्राप्त गरेको हो ।क्लबले सन् २००२ देखि अन्तर्राष्ट्रिय रोबोट प्रतियोगितामा कुनै न कुनै पुरस्कार प्राप्त गर्दै आएको प्रशिक्षक चौधरीले बताए । एशिया प्यासिफिक ब्रोडकास्टिङ युनियन (एबीयु)ले सन् २००० देखि बर्सेनि विभिन्न देशहरूमा विश्वविद्यालयस्तरीय रोबोट प्रतियोगिता आयोजना गर्दै आएको छ । सन् २००१ देखि निरन्तर रोबोटिक क्लब ‘एबीयु रोबोकोन’मा सहभागी हुँदै आएको छ ।

निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि आइतबारदेखि मतदाता नामावली अद्यावधिक गर्ने भएको छ । निर्वाचन आयोगले विज्ञप्ति जारी गर्दै भदौ १२ गते सम्बन्धित वडा कार्यालय र निर्वाचन कार्यालयमा मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको जनाएको छ । नामावलीमा रहेका त्रुटि सच्याउन, नामावलीमा प्रकाशित व्यक्तिको विवरणको विरोधमा उजुरी दिन साथै मतदाताको एकभन्दा बढी स्थानमा नाम समावेश भएमा नाम

## सामान्य ज्ञान ४८

*१. साउदी अरबद्वारा कतारमाथि लगाइएको नाकाबन्दी कहिलेदेखि हटाइएको हो ?*

*☐ सन् २०२१ जनवरी ५*

*- साउदी अरबमा आयोजित गल्फको अपरेसन काउन्सिल (जीसीसी)को पूर्वसन्ध्यामा सो प्रतिबन्ध हटाइएको ।*

*- साउदीद्वारा तीन वर्षअगाडि कतारमाथि प्रतिबन्ध लगाइएको थियो ।*

*२. प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन (२०७९)का लागि तोकिएको मिति कुन हो ?*

*☐ वि.सं. २०७९ मङ्सिर ४*

*- मन्त्रिपरिषद्को २०७९ साउन १९ को बैठकले दुवै तहको विधायिकी निर्वाचन सो मितिमा गर्ने निर्णय गरेको ।*

*- आमनिर्वाचनबाट २७५ प्रतिनिधि सभा (१६५ प्रत्यक्ष र ११० समानुपातिक) सदस्य निर्वाचित हुनेछन्। त्यसैगरी प्रदेश सभातर्फ सातवटा प्रदेशमा प्रत्यक्ष र समानुपातिक गरी ५३० सदस्य निर्वाचित हुनेछन् ।*

*- निर्वाचनको मिति घोषणासँगै आयोगले साउन १९ गतेसम्म नामावली सूचीकृत गराएका नागरिकलाई मात्रै मतदाता नामावलीमा सूचीकृत गर्ने छ । निर्वाचन मिति घोषणापश्चात् साउन २० देखि नामावली सङ्कलन स्थगित भएको छ ।*

*साभार : टंक के सी(सामान्यज्ञानबाट)*

# कर्णालीलाई फर्केर हेर्दा



तिलक पौडेल

मेरो मुगु र डोल्पा बसाइका बेला

. ..... ... त्यसैलाई नै मुख्य कारण सम्झेर ऐजन २५ गते गमगढीको साइत गरें, जसानुसार २७ गते बिहान त्यही ठिनीको बाटो हुँदै जान बाध्य भएँ । अघिल्लो दिन सुम्ली बसेर गएकोले प्रभातीमा सूर्यले पुस-माघ महिनाको समयमा भएपनि आफ्नो प्रकाश दिँदा दिँदै पुगे - त्यो उकालोमा । अर्धाङ्ग जस्तै मित्रले पिठ्यूँमा तौलिया हालेर दाँत घोटेको भान पयोँ दृष्टिपटमा ।

माछाका पानी !

छटपटिँदै भएपनि गढी डाँडामा पुगेँ । जिल्ला कार्यालय अगाडि पुग्दा त्यहीं छौ होला, व्यस्त छौ कि ? भन्दै सीमा प्रशासनभित्र जान पाउँला, कल्पना मात्र कहाँ हो र ! गएछु पनि । सबैले मसित मुखामुख गरे, पिलो मैले नै निचोरेर सोधेँ, खरदार नै होलान् - मुखमा दाग भएको ठिटोसँग कहिले गयौ ? भनेर, आफैँलाई थाहा हुँदाहुँदै पनि । प्रतिउत्तरमा १३ गते नै तर र माना लिएर हैन बिदा लिएर, अलि ..... । तर पछि खुलस्त पर्दा झन् ... ।

रगतका सञ्चार !

अब बढी त के भनुँ ? यत्ति लेख्दा पनि रगतको सञ्चालनमा सुधार भएको भान थियो । के गरु ? यसै त मुसुरी हिंगले झानेको भन्छन् । भर्खर उम्रेका लहराका आडेस थियौ, परिस्थितिले गुमाइदियो । गमगढी त शुन्य पारे थ्यौ नै दिपेन्द्र पनि कालिकोट गएको खबरले झन् जुम्लासमेत अन्धकारमा परिणत भएको थियो । अझ गाउ(ँबाट पनि सहभागी, तिम्रो परिचित मित्र अग्नी समेत २/३ वर्षको लागि प्रदेशिएको र गाउँ पनि शुन्य भएको खबर ल्याउने पत्र समेत त्यही हात पर्यो । अब त बेहोशी साच्चै बेहोश हुन पुगेकोछ - संसारै शुन्य भएर !

तमसोमाका ज्योति !

अँध्यारोमै भएपनि दिन बिताएकैछु, जुनकिरीकै रुपमा भएपनि आउन नछाडे । हुन त यो केवल यस अन्याय र अत्याचारले ढुसी पल्हाएको समा(ँजबाट मिल्किएर यस अनकण्टार ठाउ(ँमा आश्रित हुन पुगेको एक अबोध बालकको भनौं अव्यक्त चित्कार मात्र हो ।

चरी पाकेको फल खाइदिन्छ, तर शिकारी नबने,

यसै त विह्वल भइरहेकोछु, झन् बिर्सलास् नभने है !

साच्चै ! डिल्लीराम दाइ पनि मङ्सिर १५ देखि नै गिलाँहामा भर्ति हुनुभयो । गयौ रे ! भन्ने सुन्दा खेद प्रकट गर्नुहुन्थ्यो । वहाँको पनि सम्झनाको कोशेली यसैमा संलग्न छ ।

दुई टुक्रा पठाएर झन् मुटुमा भक्कानो कसिदिन पुग्यौ । सम्झन्छु निरजाले सिकाइ दे न ! तर भगवानले तलमाथि पारिदिएन भने सिकौँला नि हुन्न र !

नजाने पनि गुन्गुनाए ल -

हो र साँच्चै हो ... निरजाले, काँधैमा त्रिशुल,
(त्यो मुहार्लाई)२ हो ... निरजाले कसरी बिर्सुला,
सिम्लेमाथि बन्, हो ... निरजाले बिसौँला नभन, रुन्छ मेरो मन् ।
हो र साँच्चै हो ... निरजाले, सच्चा भए बरदान पाउँला नि,
(घाउभए'नि)२ हो ... निरजाले मलम लाउँला नि,
सिम्लेमाथि बन्, हो ... निरजाले बिसौँला नभन, रुन्छ मेरो मन् ।
हो र साँच्चै हो ... निरजाले, तिमी र म...त,
(सपनीमै)२ हो ... निरजाले भेटौंला अब त,
सिम्लेमाथि बन्, हो ... निरजाले बिसौँला नभन, रुन्छ मेरो मन् ।

असहायका सहारा !

सदरमुकाम काम परे त जान्छु । नत्र त किन जाँला र ! तरपनि,

हो र साँच्चै हो ... निरजाले, ट्याम्को ट्याम्ट्याम्, दमाहा घुन्न र !,
(नफर्के नि)२ हो ... निरजाले भेट् कैल्यै हुन्न र !,
सिम्लेमाथि बन्, हो ... निरजाले बिसौँला नभन, रुन्छ मेरो मन् ।

लौ त नि ! पत्रोत्तर सम्म त तिम्रै सम्झना र ईश्वरका कृपाले आरामै साथ एकलकाटे जीवन बिताएकै छुर त्यहाँ तिम्रो कमलरुपी गाथमा पनि आराम भएको खबर पाउन पाए यस अनाथको प्रतिपलोद्धार हुनेथियो ।

अन्त्यमा, सदा ईश्वर दाहिना हुन्, आँटे तकेको पुगोस्, हिँड्दा ठेस नलागोस्, बस्दा केश नझरोस् भन्दै पत्रबाटै भए( पनि कलममात्रलाई बिदा दिने,

उही मुगेली

एकल्काटे बेहोशी

सायद सफाइ कायम गर्न नसकिने परिवेशको प्रतिफल !

भोलिपल्ट बिहानै हिँडेर सुम्ली गाउ(ँमा पुगेर खाना खाएँ । साँझ कालैमा त्यहाँका हेडसर, कास्कीका भोलानाथ ढुङ्गानासँग बास बस्न पुगेँ । नव परिचय गरी धैनकोट मै श्रीमान् ८ कक्षामा र श्रीमती ७ कक्षामा पढ्ने विद्यार्थीको घरमा बास बसियो । भोलिपल्ट खाना खाई दुईवटा रोटी अर्नीका रूपमा लिई धैनतिर रमाना भएँ । सिद्धिगाढ हुँदै ३/४ बजेतिर धैनकोट पुगेँ। हेडसरको मेसमा खाना खाई गिरीराज पाण्डे - आलमदेवी, स्याङ्जा, जोसँग मेरो सट्टा सरुवा भएको रहेछ, ले व्यवस्था गरेको ठाउँमा राडीपाखी ओढेर आराम गरेँ । अर्का साथी देहलीराज पाण्डेजी पनि त्यहीँ बस्नुहुँदोरहेछ । रातभरि उपियाँले टोकेर हैरान पारेकाले निम्नानुसारको कविता (?) लेखी टोपलेँ ।

सुत्छु त्यही ओछ्यानमा
गाउन्न गीत उडुसले, तर टोकी नाच्छ जुम्राले,
चिल्याउँछ र कन्याउँदा, पोल्छ झै तातो भुम्राले ।
दिन्नन् स्वर लामखुट्टेले, टोकी उडी चल्ला नाँच्दछन्,
दिन हुनाले उपियाँ, आफनु खेल साँच्दछन् ॥
रातपरी सुत्दा ओछ्यानमा, उफ्री टोकीकन उपियाँ,
देखाउँछन् खेल त्यो हेर्न, तिर्नु पर्दैन रुपियाँ ।
खेल सुरु हुन्छ तिनको, परी ठूलो सोच्यानमा,
टर्च बाली खेल हेरेर, सुत्छु त्यही ओछ्यानमा ॥

२०३९ बैशाख ३० गते बिहिबार
धैनकोट, मुगु ।

स्वास्थ्य संवेदनशीलताको नमूना - जीवनको प्रेरणा स्रोत !

जेहोस् स्कूलमा हाजीर भई पठनप(ठनको कार्यारम्भ गरें । ९ कक्षामा ७ जना विद्यार्थी रहेछन्, जसलाई गा(णतका आधारभूत सिद्धान्तबारे पनि जानकारी रहेनछ । त्यसैले जोड, घटाउबाट अध्यापन कार्य अघि बढा(उन बाध्य भएँ । खाना हेडसरसँगै खाने सल्लाह भयो । वहाँले उमालेको पानी मात्र पिउने गर्नुहुँदो रहेछ । तुम्लेटमा पानी भरेर स्कूल लाने गर्नुहुन्थ्यो । त्यसबेलासम्म मलाई पनि सफा पानीको सेवनले २५% भन्दा बढी उदरसम्बन्धी रोगहरूको निवारण हुन्छ भन्ने व्यहोराको जानकारी थिएन । खाना पकाउने केटा भएपनि आफैँ अग्रसर हुने वहाँको बानीले मलाई पनि भान्साको काममा सरिक हुन प्रेरित गरायो । सीमित मात्रामा चुरोट नखाने तर चरेस/अत्तड खाने, मासु नखाने तर रक्सी खाने बानी भएका हेडसरले उम्लेको पानीले थाल पखाली/खल्क्याई मात्रै खाना खानुपनेँ बानीमा मलाई पनि सामेल गराउनु भयो । म पनि त्यसै गर्न सिपालु भएँ - जीवनमा स्वास्थ्य संवेदनशील रहने प्रेरणाको स्रोत !

जीवनको अँ वर्ष (थ्मक एभचष्यम) !

आइएस्सी पढ्दाका साथीहरूमध्ये च्यललष्लन ऋयगचकभ सकिँदा पास हुने ७/८ जनामा मेरो नाउँ पनि थियो । रुड्की गएर ज्थमचय भिभअतचष्अ(ष्तथ को इञ्जिनियर बन्नुको तुक छैन भन्ने अग्रजहरूको कुरा/सुझावले मलाई कोलम्बो प्लानमै जाने रहरले गाँज्यो ।

.............. क्रमशः .................


## शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

# गठबन्धन सरकारलाई शिक्षकको पत्र

- सुन्दर पन्त

श्री सम्माननीय प्रधानमन्त्री शेर वहादुर देउवाज्यू

श्री सम्माननीय पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालज्यू

श्री सम्माननीय पूर्वप्रधानमन्त्री माधव कुमार नेपालज्यू

श्री माननीय पुर्व उप प्रधानमन्त्री उपेन्द्र यादवज्यू

श्री माननीय पुर्व उप प्रधानमन्त्री चित्र बहादुर केसीज्यू

श्री नेपाल शिक्षक महासंघ राष्ट्रिय समिति ।

विषयः- ध्यानाकर्षण पत्र ।

महोदय,

हामी नेपाली शिक्षकहरु शिक्षकहरुको साझा संस्था नेपाल शिक्षक महासंघ हो । नेपाल सरकार र नेपाल शिक्षक महासंघ बीच सम्झौता भएको ३४ बुँदे मागहरु कार्यान्वयन गर भनेर २०७८ बैशाख २० गतेदेखि हामी आम शिक्षक, राहत, उच्च मा. वि. का शिक्षक, विद्यालय कर्मचारी, बाल कक्षा शिक्षक, कार्यलय सहयोगीहरु स्थानीय, जिल्ला, प्रदेशतह हुँदै र ाष्ट्रव्यापी रुपमा सडक आन्दोलनमा होमिएका छौं । आजसम्म सुनुवाई भएको छैन । अतः पाँचौं चरणको आन्दोलन कार्तिक २८ गतेबाट शुरु हुँदैछ ।

केही दृष्टान्त हेरौ सुनौं बुझौं !

हिजो नेकपाको दुई तिहाई नजिकको सरकार थियो । हामी शिक्षकहरु अव हाम्रा माग पुरा हुने भयो भनेर ठूलो आड भरोसा विश्वास थियो । दलका निकटका - नजिकका शिक्षक नेताहरुले अब माग पुरा हुने भो भनेर विभिन्न सभा समारोहमा हौसाएका थिए । हामी शिक्षकहरु पनि निकै हौसिएका थियौं । तर, विडम्वना माग पुरा हुनु त कता हो कता नेकपा दलभित्र आन्तरिक किचलो बढ्यो । किचलोले उग्र रुप लियो । अदालतले कानूनी रुपबाटै नेकपा एमाले र नेकपा माओवादीलाई अलग बनायो । नेकपा एमाले र नेकपा माओवादी पूर्ववत अवस्था मै आइपुगे । नेकपा एमालेभित्र पनि संसद विघटन, मुख्यमन्त्रीको किचलो, मन्त्री नपाएका कारण आन्तरिक द्वन्द्वमा फस्यो । देशी विदेशी शक्तिको चलखेल बढ्यो । सांसद र पार्टी व्यवस्थापन गर्न नसकेको कारण पार्टी नै फुट्यो नेकपा एमाले र समाजवादी बन्यो । एमाले सरकार नै सत्ताबाट बाहिरिनु पर्यो । हुँदा हुँदै प्रदेश सरकारबाट पनि बाहिरिँदै छ एमाले । यो कटु यथार्थ सबैलाई ज्ञात नै छ ।

सरकार फेरियो । पाँच गठवन्धनको सहकार्यमा नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवाको नेतृत्वमा सरकार बन्यो । आन्दोलनकारी शिक्षकहरु आफ्ना माग केपी ओली सरकारले ३ वर्ष ४ महिनासम्म पुरा नगरेको झोकमा सरकार परिवर्तन भएकोमा खुसीले गद्‌गद् भए ।

तर के गर्नु शिक्षकहरुको वर्षौं वर्षदेखि समस्या ज्यूँ का त्यूँ छ । जति सरकार बने - बन्छन्, सधैं नै शिक्षकहरुलाई सरकार विरोधी ठान्छन । सरकार चलाउनेहरु सधै आफु विरोधी आन्दोलन गरेको ठान्छन् ? यो भ्रम हो । जुनसुकै सरकार भए पनि यो भ्रमबाट मुक्त हुन सकेका छैनन् ।

हिजो आज फेरी,

सरकार र सरकारको स्वरुप नै फेरियो ?

दलहरुका नेता उही, दल फरक फरक - सरकारको नेतृत्वकर्ता फरक, यता शिक्षकका मुल नेता फरक, तर संस्था उही ।

हिजो पनि - आज पनि सरकार हाम्रो विरुद्ध आन्दोलन गरेको ठान्दैछन् ?

के त्यस्तै हो र ? हैन नि ?

सरकारहरुले बुझेका छन ! तर नबुझेझै गर्छन ?

हामी शिक्षकका माग हिजो पनि त्यही - आज पनि त्यही !

हामी आन्दोलनकारी हिजो पनि उही आज पनि उही !

तपाई शिर्ष नेताहरु प्रतिपक्षमा हुँदा, हामी साना शिक्षक नेताहरु हाम्रा ठूला शिक्षक नेताहरुसँग पछिपछि लागियो । तपाईंपार्टीका शीर्ष नेताहरुको घर, पार्टी कार्यालयहरुमा पुग्यौ, पटकपटक धायौं । माग पत्रहरु हाम्रा शिक्षक नेताहरुद्वारा यहाँहरुलाई सुनाइयो, पत्रहरु हात हातैमा थमायौं । यहाँहरुले ध्यानपूर्वक सुन्नुभयो । तपाईहरुको माग साह्रै जायज छन् भन्नु भयो, हौसाउनु भयो, हामी हौसियौं । प्रतिपक्षको सरकार बने त भोलि नै माग पुरा हुने जवाफ दिनु भो । र पनि यत्ती पनि भन्नु भो - हामी अहिले सरकारमा छैनौं । हामी सरकारमा आए पछि तपाईहरुको माग पहिलो एजेण्डा बनाएर पुरा गराउँछौं भन्नु भयो । हामी खुसीले गद्‌गद् भयौं । मनमनै यो सरकार ढलेर उहाँहरुको सरकार बने त हाम्रो माग पुरा हुने रै'छ भनेर निकै पुलकित भयौं । नेताजीले हाम्रो मन कै भाव बोल्नु भयो भनेर जाने साथीहरु कानेखुसी गर्यौं ।

श्रद्धापूर्वक चिया बिस्कुट खुवाउनु भयो । खासखुस गर्दै सबैले खायौं ।

हामी जाने सबै शिक्षक नेताहरु खुसी हुँदै बाहिरियौं ।

सबै प्रतिपक्षी नेताहरुमा जाने क्रम जारी भयो ।

आज प्रतिपक्ष ( विपक्षी ) अर्थात् ( पक्ष ) सत्तारुढ भए ।

हिजोको पक्ष ( सत्तारुढ ) आज प्रतिपक्ष भए ।

शिक्षकका माग समस्या त्यही हो ।

अब तपाईं शिर्ष नेताहरु पक्षमा हुँदा, हिजो बोलेका बाचाहरु बिर्से कै हो त ?

हिजो आन्दोलन गर्न उस्काएको बिर्सेको हो त ?

हिजो तपाईहरनको आन्दोलनमा सहयोग र आग्रह गरेको बिर्से कै हो त ?

घण्टौ बसेर उल्टै अर्ति उपदेश दिएको बिर्से कै हो त ?

हिजे सजिलै भेटिने तर आज भेट्नै मुस्किल पर्ने भएकै हो त ?

यहांहरुको कार्य व्यस्तताले भेटघाटको समय नमिल्ने भएकै हो त ?

हो भने ? हिजोको तपाई र आजको तपाईलाई हामी ले के ठान्ने ? कसरी बुझ्ने ? बोली र वचनलाई ?

के हिजो तपाईंहरुले बचन दिएका ती सबै नौटंकी हुन भनेर बुझ्ने त ?

जुन जोगी आए पनि कानै चिरेका भनेर बुझ्ने त ?

कि यी माग पुरा भए ?

शिक्षा ऐन आयो ?

संवैधानिक शिक्षक सेवा आयोगको गठन भयो त ?

शिक्षामा २०% लगानी बढ्यो त ?

संविधानमा व्यवस्था भए अनुसार आधारभुत तह निःशुल्क भो त ?

उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन सार्वजनिक भयो त ?

उ.मावि शिक्षकको स्थायीको व्यवस्था भो त ?

राहतलाई दरवन्दीमा परिणत गरी स्थायी गर्न पहल भयो त ?

बाल शिक्षक, विद्यालय कर्मचारीको तलव बढ्यो त ?

तहगत यी मास प्रमोशन भयो त ?

आवश्यक शिक्षक दरवन्दी थपियो त ?

शिक्षक अस्पताल बन्ने भो त ?

शिक्षामा निजीकरणको अन्त्य भो त ?

यदि छैन भने ? खबरदार सरकार ।

हिजो केपी ओलीले गरेनन् भन्नेहरु - आज गठवन्धन सरकारले के गर्यो त ?

गठवन्धनको सरकार ।

शिक्षकका माग पुरा गर ।

हिजोका बाचाहरु पुरा गर ।

शिक्षकहरुको मागलाई छिट्टै सम्वोधन गर ।

नत्र पछुताउनु पर्ला !

शिक्षक एकता जिन्दाबाद ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला

यो कथा भन्ने बेला तुरुन्तै आईजाला भन्ने दृष्टान्त

कुनै शिक्षकबाट नउठ्ने गरी समाधान गरियोस् ।

विनित

सुन्दर पन्त

उप- महासचिव

नेपाल शिक्षक संघ संघीय समिति

नागार्जुन- १०, काठमाडौ ।

साभारःएजुकेशनपाटी


## जगदुल्ला गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिवाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौ, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

जगदुल्ला गाउँपालिकाको कार्यालय

माझगाउँ रिमी, डोल्पा

# नीति होइन, नियतमा सुधार

- डा. अतीन्द्र दाहाल

देश पुनः निर्वाचन उन्मुख भएको छ। आगामी मङ्सिर ४ गते एकै चरणमा सङ्घ अनि प्रदेशको निर्वाचन हुँदै छ। निर्वाचन राजनीतिक प्रणाली र परिपाटीभित्रको उच्च महोत्सव हो। उक्त उत्साह र उमङ्ग क्रमशः सघन बन्दै छ। राजनीतिका अनेकन विशेषतामध्ये अनिश्चयता पनि एक हो। आउने दिनहरूमा राजनीतिक कोर्ष कसरी बढ्छ भन्ने सहजै अनुमान गर्न सकिने र त्यही हुने निश्चितता हुँदैन ।

तसर्थ निर्वाचनपछिको राजनीतिक अवस्था र अङ्कगणित कस्तो रहन्छ भनेर अहिल्यै भन्न सकिँदैन। सबैका आफ्ना आफ्ना दलिल हुन सक्छन्, ती दाबाहरूमा विभिन्न छिद्र देखा पर्छन्। राजनीतिक पार्टीको आधुनिक परिभाषाले भन्छ, दलहरूसँग निर्वाचनमा भाग लिने र जित्ने इच्छा हुन्छ। चुनावमा भाग नलिने समूहलाई दल भनेर मान्नुपर्ने बाध्यता हुँदैन। यद्यपि आगामी निर्वाचनलाई लिएर दलहरूमाथि चुनौतीको चाङ बढ्दो देखिन्छ ।

बढ्दो चुनौती

निर्वाचनमा दल, मतदाता, निर्वाचन आयोग, सुरक्षाकर्मी, पर्यवेक्षकलगायत सबैमाथि विविध चुनौती रहन्छन्। कुनै एक पक्षको मात्र सानो त्रुटिले पनि निर्वाचनको महानता र विशिष्ट उद्देश्यमाथि बाधा आउन सक्छ। यद्यपि यस पटकको निर्वाचनमा स्थापित र राजनीतिक क्रान्तिलाई यहाँसम्म ल्याएका दलहरूमाथि चुनौती अलिक बढी रहेको अनुमान गर्न सकिन्छ। स्थानीय निर्वाचनका केही परिणामले दलहरूलाई थोरै सशङ्कित गराएको छ। लोकप्रिय, इमानदार, योग्य अनि समर्पित तथा निस्वार्थ उमेदवार छनोट गर्नुपर्ने दबाब व्यापक बन्दै छ। थुप्रै नयाँ दलहरू निर्वाचनका लागि देश दौडाहामा छन् । यसरी देशको राजनीति बदल्नुपर्ने भन्दै मैदानमा होमिन आतुर आकाङ्क्षीहरूले विशेषतः अहिलेका नीतिहरूमाथि पनि कटाक्षेप गरेको देखिन्छ। कसैले गणतन्त्रलाई दोष देखाएका छन्। कोही धर्म सापेक्षताका लागि लड्ने बताउँछन्। गणतन्त्रलाई दोष दिँदै पुनः एकात्मक राज्य संरचना ब्युताउनुपर्ने दाबा गर्नेहरू पनि छन्। प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्नेसम्मका तर्क गरिँदैछन् । अधिकांशले अहिलेसम्म विगतका यो वा त्यो नीतिलाई यी अधोगतिको कारण देखाउँछन्। अनि नागरिकलाई अल्मल्याउँदै आफ्नो कमजोरी लुकाउँछन्। नीति परिवर्तन भएपछि स्वतः देशमा सामाजिक-आर्थिक परिवर्तन हुने भाषणबाजीमा रमाउँछन्। लगातार नीतिको संशोधनमा तल्लीन रहन्छन्। अहिले पनि कार्यकारी अधिकारसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपति/प्रधानमन्त्रीको व्यवस्था गरे यी अवस्था नदोहोरिने तर्क राख्छन् ।

सबैका आफ्ना/आफ्ना गुण/अवगुण होलान् तर यहाँ नीतिभन्दा नियतको कारण समस्या आएको देखिन्छ। नेतृत्वमा राम्रो नियत भए कुनै पनि नीति देशको प्रगतिमा बाधक बन्दैन। सवारी मात्र राम्रो होइन, यात्रुले अपेक्षित गन्तव्यमा सकुशल पुग्न सवारी चालक पनि कुशल हुनुपर्छ। यसैमा हामी नराम्ररी चुक्यौं। विश्वमा यी विविधताका अतिरिक्त उत्तिकै अलौकिक सफल अनि अनुपम अभ्यास देखिएका छन् । नीति राम्रो हुँदैमा परिणाम राम्रो आउने कल्पना फकाइफुल्याई बाघलाई साकाहारी बनाउन सकिन्छ भन्नेजस्तै भ्रम हो। कहीँ कतै आजसम्म शासन व्यवस्थाको नाम वा पद्धति आफैं कुनै खराबी वा व्यवधान बनेका छैनन्। पुँजीवादी शासन नाम दिइएको केही देशमा सर्वसाधारणका लागि निःशुल्क सरकारी सार्वजनिक यातायातको व्यवस्था छ। सरकारले सहरका मुख्य ठाउँमा सङ्कलन केन्द्र राखेर उच्च घरानियाबाट लत्ताकपडा र खाद्यवस्तु दान गर्न लगाउँछ र गरिबलाई वितरण गरिन्छ। पुँजीवादकै उच्च स्वरूप भनेर व्याख्या गरिने अधिकांश युरोपियन देशमा शिक्षा निःशुल्क र रोजगारीको उच्च प्रत्याभूति छ । प्रत्यक्ष निर्वाचित कार्यकारीको पद्धतिमा संसद्को सार्वभौमिकता गुम्छ, निरङ्कुशताको सम्भावना हुन्छ भनेर अड्चन थाप्नेहरूले किन अमेरिका र रसियाजस्ता सफल एवं सक्षम मुलुकको इतिहास बिर्सिएका छन् ? हिटलर, नेपोलियन बोनापार्ट अनि जुलियस सिजरजस्ता खराब पात्रलाई मात्र उदाहरणमा प्रस्तुत गर्नेले भ्लादिमिर पुटिन, निकोलस सार्कोजी, विड्रो विल्सन, फ्राङ्कलिन डी रुजभेल्ट, दाई सिया पिङ्गजस्ता नामलाई किन सम्झँदैनन् ?

प्रधानमन्त्री पद्धतिमा रहेका भारत तथा बेलायत दुवैले प्रगति र सभ्यतामाथि ठूलै बाजी मारेका छन्। ली क्वान, महाथिर बीन महोमद, मार्गरेट थ्याचरजस्ता संसदीय प्रधानमन्त्रीको इतिहास स्वर्णिम छ। छिमेकी भारतमा कसैको स्पष्ट बहुमत नभए पनि पूर्वप्रधानमन्त्री मनमोहन सिंहबाट बिनाअवरोध दुवै कार्यकाल पूर्ण समय सरकारको नेतृत्व भयो। अमेरिकामा प्रजातान्त्रिक र चीनमा साम्यवादी प्रणाली छन्। गम्भीर मतभेद अनि बेमेलसहित फरक विचार र सिद्धान्तमा आधरित ती राजनीतिक चेतनबीच दुवै राष्ट्र सफलताको यात्रामा उत्तिकै अब्बल छन् । भारत गणतन्त्रमा र बेलायत राजतन्त्रमा छन् परन्तु उनीहरूको विकास भएकै छ, प्रगति चुलिएकै छ, अग्रगमन निरन्तर छ। स्विडेन, जापान, युनाइटेड अरब इमिरेटस्, कुवेत, डेनमार्कजस्ता राष्ट्रमा राजतन्त्र नै प्रिय छ । .........


निर्वाचन आयोग, नेपाल

## जिल्ला निर्वाचन कार्यालय

डोल्पा

पत्र सङ्ख्या :- २०७९।८०

चलानी नम्बर :-

मिति :- २०७९।०५।०७

**मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम २०७९ सम्बन्धी जिल्ला निर्वाचन कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा मिति २०७९ साल मंसिर ४ गते हुन गइरहेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ प्रयोजनको लागि मिति २०७९ श्रावण १९ गते सम्म संकलन भएका फोटो सहितको मतदाता नामावलीलाई अन्तिम मतदाता नामावलीको रुपमा तयार पार्न तपसिल बमोजिम मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम सञ्चालन हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराइन्छ ।

तपशिल

| मिति | कार्यक्रमहरु |
|---|---|
| २०७९।०५।१२ | वडा स्तरमा मतदाता नामावली प्रकाशन गर्ने |
| २०७९।०५।१३ गते देखि १५ गते सम्म | मतदाता नामावलीमा रहेको त्रुटी सच्याउन जिल्ला निर्वाचन कार्यालय, दुनैमा निवेदन दिने |
| २०७९।०५।१३ गते देखि १५ गते सम्म | झुटा विवरण दिइ मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने |
| २०७९।०५।१३ गते देखि १५ गते सम्म | एक भन्दा बढी स्थानमा मतदाता नामावली भएमा एक स्थानमा मात्र समावेशको लागि निवेदन दिने |
| २०७९।०५।१३ गते देखि १६ गते सम्म | बिबाह गरी वा बसाइसराई गरी अन्यत्र स्थानमा गएमा साविकको स्थानबाट नामावली हटाउन निवेदन दिने |
| २०७९।०५।१३ गते देखि १६ गते सम्म | मृत्य भएको, नागरिकता त्याग गरेको वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । |

उपरोक्त विषयमा स्वयम व्यक्ति उपस्थित भै जिल्ला निर्वाचन कार्यालय, दुनैमा निवेदन पेस गर्न नसकेमा यस जिल्ला निर्वाचन कार्यालयको Email मार्फत पनि निवेदन दिन सकिने छ ।

Email :- deo.dolpa@election.gov.np

सम्पर्क नं. :- ९८४९०१५९५६

०८७५५०१३७

जिल्ला निर्वाचन कार्यालय, डोल्पा

"निर्वाचनमा सबै, सधैं, सँगै"

ठुलीभेरी न.पा. - ३, डोल्पा, Email :- deo.dolpa@election.gov.np, Facebook Page :-facebook/ECNDOLPA

# हक छ, सूचना छैन

- आदित्य दाहाल

आजको ठीक १५ वर्षअघि नेपालमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको दिन। वि.सं. २०६४ साउन ५ गते तत्कालीन अन्तरिम संसद्बाट यो ऐन पारित भएको थियो। सूचनाको हकसम्बन्धी कानुन निर्माण भएको यतिका वर्ष बितिसकेको छ तर यसको कार्यान्वयन पक्ष अझै पनि गर्व गर्न लायक बनेको छैन ।

राष्ट्रिय सूचना आयोगमा सूचना दिएनन् भन्दै सार्वजनिक निकायविरुद्ध उजुरी दिनेको सङ्ख्या बढ्दो छ। यहाँबाट पनि सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायका पदाधिकारीले कतिसम्म पालना गर्ने गरेका छन् भन्ने प्रस्ट हुन्छ। सार्वजनिक निकाय करदाता नागरिकप्रति कत्तिको जवाफदेही र उत्तरदायी छ भन्ने दृष्टान्त आयोगमा परेका पुनरावेदनको चाङबाटै छर्लङ्ग हुन्छ। सार्वजनिक निकायका पदाधिकारी सहजै सूचना दिन कत्ति पनि तयार हुँदैनन्। स्थानीय तहका कर्मचारी सूचना माग गर्ने नागरिकलाई शत्रुझैं ठान्दछन्, व्यवहार गर्छन् ।

सार्वजनिक निकायबाटै सूचनाको पहुँचमा अवरोध सिर्जना गरेर नागरिकलाई सुसूचित हुने अधिकार प्रयोगबाट वञ्चित गराउने समस्या विद्यमान छ। अधिकांश सचेत नागरिकलाई सूचनाको हक छ भन्ने थाहा छ। यसको प्रयोग पनि गर्ने गरेका छन् तर सार्वजनिक निकायका कर्मचारी सहजै सूचना दिन मान्दैनन्, टेर्दैनन्। यसले पनि सूचना मागकर्ता निराश बन्ने गरेका छन्। सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनअनुसार तीन/तीन महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने सूचनासमेत नागरिकले निवेदन दिएर माग्नुपर्ने स्थिति छ। यसले सूचनाको हकको कानुन पालनामा सार्वजनिक निकायको भूमिका कस्तो छ भन्ने उजागर गरेको छ ।

सूचनाको हकले सबैभन्दा धेरै खुलापन, पारदर्शी, जवाफदेही, उत्तरदायी बन्नुपर्ने परिकल्पना गरेको भए पनि सार्वजनिक निकायमा रहेका कर्मचारीले गोपनीयताको गलत अस्त्र प्रयोग गरी सूचना पाउने नागरिकको अधिकारलाई कुण्ठित गर्दै आएका छन्। सूचना माग्ने र पाउने नागरिकको अधिकारलाई सार्वजनिक निकायका कर्मचारीले विभिन्न बहानामा निस्तेज पार्दै आएका उदाहरण धेरै छन्। सूचनाको हकको प्रयोगले सार्वजनिक निकायमा हुने भ्रष्टाचार बाहिर आउने भयो भनेर यस ऐनमा प्रबन्ध गरिएको व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पु-याउन पाइँदैन भन्ने प्रावधानको दुरुपयोग गरिएको छ। जबकि यो व्यवस्था सूचनाको हकसम्बन्धी ऐनमा अपवादका रूपमा गरिएको प्रबन्ध हो ।

एकातिर सूचना अधिकारीबाटै समयमा सहजै सूचना पाउन नसक्दा नागरिक सशक्तीकरणको अवस्था कमजोर छ भने अर्कोतिर आफ्नो सरोकारको सूचना नपाएर कैयौं नागरिकले प्रहरीको हिरासतदेखि विभिन्न अन्याय र विभेद भोग्नुपरेको छ। लोकतान्त्रिक प्रणालीमा जनतालाई बोल्ने, लेख्ने हक तथा स्वतन्त्र प्रेस भएर मात्र पुग्दैन, राज्यको प्रत्येक निर्णय, त्यस्तो निर्णय कार्यान्वयन गर्ने प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न उनीहरूलाई सूचनाको अधिकार हुनुपर्छ भनिएको छ। सूचना माग गर्ने नागरिकलाई सूचना दिनुको साटो उल्टै अभद्र व्यवहारको अभियोग लगाएर प्रहरीको हिरासतसम्म पु-याएको उदाहरण धेरै छन्। सूचना मागकर्ताले यस्ता नियति पटक-पटक भोग्दै आएका छन् ।

सूचना आयोगले हालसम्म सूचना नदिने ३३ कार्यालय प्रमुखलाई कारबाही गरेको छ। आयोगको आदेश पालना नगर्ने, सूचना नदिने, आंशिक सूचना दिने तथा सूचनाको हक कार्यान्वयन नगर्ने कार्यालय प्रमुखलाई आयोगले कारबाहीको दायराभित्र ल्याएको हो। सूचना नदिएर कारबाहीमा पर्नेमा सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयका विभिन्न विभागमा कार्यरत कार्यालय प्रमुख छन्। त्रिभुवन विश्वविद्यालयका परीक्षा नियन्त्रक सात, त्रिवि शिक्षा सेवा आयोगका अध्यक्ष चार, त्रिविका शिक्षाध्यक्ष एक, स्थानीय तहका कार्यालय प्रमुख चार, स्कुल तथा क्याम्पसका प्रमुख छ तथा अन्य ११ गरी जम्मा ३३ जना कार्यालय प्रमुख कारबाहीमा परेको आयोगको तथ्याङ्कमा उल्लेख छ। यसले के देखाउँछ भने शिक्षित तथा विद्वान् वर्गबाटै नागरिकको सूचनाको अधिकारमा अवरोध हुने गरेको छ ।

आफूले तिरेको कर कुन ठाउँमा कसरी खर्च भयो भन्ने विषयमा जान्न पाउने हरेक नेपाली नागरिकको अधिकार हो। सार्वजनिक निकायका निर्णयलगायतका सूचना माग गर्दा सूचना अधिकारी सूचना दिन सिधै इन्कार गर्छन्। विभिन्न बहनामा सूचना मागकर्तालाई झुलाउने गर्छन् । सूचनाको हकसम्म नबुझ्ने एउटा गतिलो उदाहरण हो- राजधानीस्थित बागबजारको पद्मकन्या क्याम्पस। उक्त क्याम्पसको आन्तरिक लेखापरीक्षण प्रतिवेदन र महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन माग गर्दा क्याम्पस प्रमुख धनप्रसाद पण्डितले कुनै व्यक्तिविशेषले माग गर्दैमा दिन नमिल्ने बताए तर कानुनमा यस्ता किसिमका सूचना कुनै पनि हालतमा पाउनुपर्छ भन्ने व्यवस्था छ। यसले शिक्षाको थलो र सार्वजनिक निकायको चरित्र उदाङ्गो पारिदिएको छ।


## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा

## जनहितका लागि अत्यन्त जरुरी अनुरोध

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

मा. धनबहादुर बुढा
प्रतिनिधिसभा सदस्य, डोल्पा